# खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी

# जानकारी पुस्तिका

FIAN Nepal

प्रकाशन

FIAN Nepal

सहयोग

Brot für die Welt
Bread for the World – Protestant Development Service

DCA actalliance

EUROPEAN UNION

बाँच्न पाउने अधिकारको आधारः खाद्य अधिकार

# खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी

# जानकारी पुस्तिका

FIAN Nepal

©**सर्वाधिकार** : फियान नेपाल
श्रोत खुलाएर यस पुस्तकका सामग्री विषय वस्तु परिर्वतन नगरी प्रयोग गर्न सकिनेछ ।

**लेखन तथा सम्पादन** : तिलक अधिकारी, सुमन पिया, लक्ष्मी गुरूङ्ग
सल्लाह तथा सुझाव : योगीता राई, सत्यराम त्वयाना, अशोक ब. सिंह, बिनोद प्रसाद पाण्डे

**डिजाइन** : ड्रिम ग्राफिक्स

**प्रकाशन मिति** : २०७५

**सम्पर्क:**

**फियान नेपाल**
पोष्ट बक्स ११३६३, काठमाण्डौ, नेपाल
फोन नं. : ९७७-१-४७८३९६५, ४७८१६५४
फ्याक्स : ९७७-१-४७८२२२३
इमेल :info@fiannepal.org
वेबसाइट :www.fiannepal.org

**क्षेत्रीय कार्यालय:**

शान्ति नगर, कारकाँदो
नेपालगञ्ज, बाँके
फोन नं.:०८१-५५०२१४

**जिल्ला कार्यलय**
धादिङ्ग, चितवन, मकवानपुर, बाजुरा, बझाङ्ग

# प्राक्कथन

'खाद्य' मानिसलाई बाँच्नको लागि अपरिहार्य छ भने 'पर्याप्त खाद्यमाथिको पहुँच' 'मानवीय मर्यादासँग' प्रत्यक्ष जोडिएको बिषय हो । खाद्य वा खाद्य प्राप्त गर्ने स्रोतमाथि व्यक्तिको पहुँच नभएमा वा बन्देज लागाईएमा 'मानवीय मर्यादा' को उल्लंघन हुन जान्छ । तसर्थ 'खाद्य' लाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजले व्यक्तिको 'मौलिक मानव अधिकार' को रूपमा स्वीकार गरेको छ ।

नेपालको संविधान, २०७२ को धारा ३६ ले 'खाद्य सम्बन्धी हक' अन्तर्गत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । खाद्य सम्बन्धी हकलाई कार्यान्वयन गर्न बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" समेत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई समेटी निर्माण भएको छ । ऐनको दफा ३ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने तथा दफा १२ ले प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुने व्यवस्था गरी यी अधिकारको कार्यान्वयनको लागि स्थानीय, प्रान्तीय र संघीय तहका सरकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्वहरू समेत सिर्जना गरेको छ । तसर्थ वर्तमान सन्दर्भमा खाद्य सम्बन्धी हकको कार्यान्वयनका लागि तीन वटै तहका सरकारद्वारा निर्माण तथा संशोधन गरिने नीति, कानुन तथा कार्यक्रमहरू खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई सम्बोधन हुने गरी गरिनु पर्दछ । साथै सरोकारवालाहरूलाई खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणा, यिनीहरूबिचको भिन्नता तथा अन्तर्सम्बन्धबारे जानकारी हुनु आवश्यक छ । जसले गर्दा नीति निर्माताले आवश्यक नीति, कानुन तथा कार्यक्रम निर्माण तथा संशोधन गर्न, नागरिक समाजले खाद्य अधिकार कार्यान्वयनका लागि वकालत पैरवी गर्न तथा अधिकार बाहकलाई खाद्य अधिकार दाबी गर्न सहजीकरण हुन सकोस । यद्यपि नेपालमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धमा एकीकृत जानकारी समेटिएको "**जानकारी मुलक सामाग्री**" को अभाव रहेको छ । अतः वर्तमान परिप्रेक्षमा देखिएको यही रिक्ततालाई पूर्ति गर्ने तर्फ यो पुस्तिका सहयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यो पुस्तिका तयार गर्दा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग गर्ने फियान नेपालका कर्मचारी तथा आवश्यक सल्लाह तथा सुझाव दिई पुस्तीकालाई यो रूपमा प्रकाशन गर्न सहयोग गर्नु हुने कार्यसमिति सदस्यहरू प्रति विशेष आभार प्रकट गर्न चाहन्छु । साथै पुस्तिका प्रकाशन गर्न आर्थिक सहयोग गर्नु हुने सहयोगी निकायहरू Bread for the World Germany, Misereor Germany र DCA लाई समेत धन्यवाद दिन चाहन्छु ।

अमर बहादुर ऐर
अध्यक्ष, फियान नेपाल
चैत्र २०७५

# विषय सूची


प्राक्कथन . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . क

खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता : अवधारणा . . . . १

- खाद्य अधिकार . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १
- खाद्य सुरक्षा . . . . . . . . . . . . . . . . . . . . . . . . . . ७
- खाद्य सम्प्रभुता . . . . . . . . . . . . . . . . . . . . . . . . . . ९

खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाबिचको अर्न्तसम्बन्ध १३

खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाबिचको आधारभूत भिन्नता १४

निष्कर्ष र सुझाव . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १५

सन्दर्भ सामाग्री . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १६

# खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता

विश्वमा विद्यमान 'भोकमरी तथा कुपोषण' समस्या सम्बोधनका लागि खाद्यसँग सम्बन्धित "खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता" अवधरणाहरू समय सापेक्ष निरन्तर छलफल, प्रयोग र बहसमा आई आ–आफ्नै सन्दर्भ अनुसार परिमार्जित हुँदै विकास भईरहेका छन । नेपालको सन्दर्भमा, नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्यका तीन वटै पक्षलाई समेटेको छ भने यस हकको कार्यान्वयनका लागि बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" समेत खाद्यका तीन वटै पक्षलाई समेटी निर्माण भएको छ । अतः खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुताबीचको अवधारणा, भिन्नता तथा अन्तर्सम्बन्धबारे सैद्धान्तिक तथा व्यवहारिक जानकारी हुन आवश्यक छ ।

## खाद्य अधिकार:

### १. पृष्ठभूमि:

'खाद्य अधिकार' शब्दको उत्पत्ति मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ बाट भएको हो । घोषणापत्रको धारा २५ ले 'स्तरीय जीवनको अधिकार भित्र खाद्य अधिकारलाई समावेश गरी खाद्य अधिकारलाई औपचारिक रूपमै मानव अधिकारको रूपमा मान्यता प्रदान गऱ्यो । पछि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले खाद्य अधिकारलाई कानुनी मान्यता प्रदान गऱ्यो । "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति, १९९९" को साधारण टिप्पणी नं. १२ ले खाद्य अधिकारको परिभाषा तथा यस सम्बन्धमा राज्यको दायित्वलाई व्याख्या गरी थप स्पष्ट पारेको छ । राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा खाद्य अधिकारको प्राप्ति वा उपभोगको लागि व्यवहारिक मार्गदर्शन मिलोस् भन्ने उद्देश्यले सन् २००४ मा संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनको पहलमा खाद्य अधिकार सम्बन्धी स्वैच्छिक मार्गनिर्देशिका समेत जारी गरिएको छ ।

### २. अवधारणा:

खाद्य अधिकार मानव अधिकार तथा कानुनी अवधारणा हो । यो मानिसले बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको बिषय हो भने अन्य मानव अधिकारको उपभोगको लागि अपरिहार्य छ । खाद्य अधिकार भन्नाले 'प्रत्येक व्यक्तिले सम्मान पूर्वक स्वस्थ तथा सक्रिय जीवन जिउनको लागि दिगो रूपमा पर्याप्त, पोषणयुक्त, सुरक्षित र संस्कृति जन्य खाना खान पाउने अधिकार' हो । यसले हरेक व्यक्तिलाई पर्याप्त खाद्य प्राप्त गर्ने स्रोतमाथिको पहुँच सुनिश्चितताको लागि 'कानुनी आधार' सिर्जना गर्दछ भने राज्यले सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने बाध्यात्मक दायित्वहरू सिर्जना गर्दछ । खाद्य अधिकार उल्लंघन भएको खण्डमा कानुनी उपचार प्राप्त गर्ने संयन्त्रको समेत व्यवस्था गर्दछ । अतः खाद्य अधिकार राज्यद्वारा व्यक्ति वा समूहले आफूलाई चाहिने आवश्यक खाद्य मर्यादित रूपमा आफैंले उत्पादन वा खरिद गरी व्यवस्थापन गर्न सक्षम हुने कुराको सुनिश्चितता गर्नु हो र त्यसको लागि आफ्ना कार्य, नीति, नियम तथा कार्यक्रमहरू समेत सोही प्रकारले बनाई 'अनुकूल वातावरण' निर्माण गर्नु हो । यद्यपि, जब व्यक्ति वा

**मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनले खाद्य अधिकारको सम्बन्धमा निम्न व्यवस्था गरेको छ :**

- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५** : 'प्रत्येक व्यक्तिलाई भोजन, कपडा, आवास लगायत आधारभूत आवश्यकताको लागि पर्याप्त जीवनस्तरको अधिकार हुनेछ ।
- **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११** : (१) प्रत्येक व्यक्तिको पर्याप्त भोजन लगायत आफू तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको अधिकार हुनेछ, र (२) प्रत्येक व्यक्तिलाई भोकबाट मुक्त हुने आधारभूत हक हुनेछ ।
- **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको साधारण टिप्पणी नं. १२** : 'पर्याप्त खाद्यको अधिकार तब प्राप्ति भएको मानिन्छ जब हरेक पुरूष, महिला तथा बालबालिकाले एक्लै वा समुदायमा जुनसुकै समयमा पर्याप्त खाद्यान्न वा सो हासिल हुने स्रोत वा यसको उपार्जनको माध्यमसम्म भौतिक तथा आर्थिक पहुँच हुन्छ' ।

परिवारले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमता प्रयोग गरी आफूलाई आवश्यक खाद्यान्न व्यवस्थापन गर्न नसक्ने अवस्था भएमा वा काबु बाहिरको परिस्थिति (सशस्त्र द्वन्द्व, विपद्, बन्दी आदि) का कारण खाद्यान्नको पहुँचबाट बञ्चित हुन गएमा त्यस्ता व्यक्ति वा परिवारलाई आफैं खाद्य उत्पादन वा व्यवस्थापन गर्न सक्षम नहुन्जेल सम्मको लागि राज्यले सिधै खाद्यान्न उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ । खाद्य अधिकारले राज्यहरूलाई आफ्नो सीमाभन्दा बाहिर अन्य देशमा बसोबास गर्ने व्यक्ति तथा समूहको खाद्य अधिकारको सम्बन्धमा सम्मान, संरक्षण तथा परिपूर्तिको लागि अन्तरदेशीय दायित्व समेत सिर्जना गर्दछ ।

### ३. खाद्य अधिकारका आयामहरु:

'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति' को साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताका लागि राज्यद्वारा निम्न ४ वटा आयामहरू प्रत्याभूति गरिनु पर्ने हुन्छ । यी आयामहरू राज्यको दायित्वसँग जोडिएका हुन्छन् । यी आयामहरू सुनिश्चित नगरेको खण्डमा राज्यले खाद्य अधिकारको सम्बन्धमा दायित्व उल्लंघन गरेको मानिन्छ ।




**(क) खाद्यको उपलब्धता:**

खाद्यको उपलब्धता भन्नाले व्यक्ति वा परिवारले आफूलाई आवश्यक पर्ने पर्याप्त खाद्य सोझै जमिनबाट उत्पादन गरी वा प्राकृतिक स्रोतबाट प्राप्त गरी वा बजारबाट खारिद गरी उपलब्ध हुने अवस्थालाई जनाउँदछ । अतः खाद्यको उपलब्धताले 'खाद्य उत्पादन र आपूर्तिको लागि स्रोतको उपलब्धता हुनुपर्ने कुरालाई' जनाउँदछ । खाद्य उत्पादनको स्रोत अन्तर्गत उत्पादनशील जमिन, प्राकृतिक स्रोत, रोजगार, सामाजिक सहयोग प्रणाली, बजारमा नियमित र पर्याप्त खाद्य सामाग्रीको उपलब्धता आदि पर्दछन् ।

**(ख) खाद्यमा पहुँच:**

व्यक्ति वा परिवारको खाद्य वा खाद्यको स्रोतमाथिको आर्थिक तथा भौतिक दुवै पहुँच सुनिश्चित भएको अवस्थालाई 'खाद्यको पहुँच' भनिन्छ ।

- आर्थिक पहुँच : 'खाद्यमा आर्थिक पहुँचता' ले कुनै पनि व्यक्ति तथा परिवारले आफूलाई आवश्यक पर्ने पर्याप्त खाद्य खरिद गर्न सक्ने आर्थिक क्षमतालाई जनाउँदछ । आर्थिक क्षमता सुनिश्चितताको लागि राज्यले अनुकुल वातावरण जस्तैः शिक्षा, रोजगार, सामाजिक सुरक्षा, सहुलियत ऋण आदिको व्यवस्था गर्नु पर्दछ ।

- भौतिक पहुँच : शारीरिक तथा मानसिक रूपमा अशक्त (अपाङ्ग, रोगी, बच्चा, वृद्ध, कैदी, शारीरिक तथा मानसिक रूपमा अस्वस्थ व्यक्ति आदि), भौगोलिक रूपमा अति दुर्गम तथा विकट क्षेत्रका बासिन्दा, आपतकालीन अवस्था (द्वन्द्व, मानवीय वा प्राकृतिक रूपमा सिर्जित प्रकोपबाट पीडित आदि) मा रहेका व्यक्ति तथा समुदायको खाद्यान्नमा सहज पहुँच भएको अवस्थालाई भौतिक पहुँच भएको मानिन्छ । यसले आदिवासी/जनजातिको परम्परागत स्रोतमाथिको पहुँचलाई समेत जनाउँदछ ।

**(ग) खाद्यको पर्याप्तता :**

खाद्यको पर्याप्तता खाद्य अधिकार प्राप्तिको एक महत्वपूर्ण पक्ष हो । खाद्यको पर्याप्तताले खाद्यको मात्रात्मक र गुणात्मक दुवैको सुनिश्चिततालाई जनाउँदछ । मात्रात्मक सुनिश्चितता अन्तर्गत व्यक्तिको शारीरिक आवश्यकता अनुरूपको खाद्यको तथा परिमाण गुणात्मक सुनिश्चितता अन्तर्गत स्वच्छ, सुरक्षित, गुणस्तरीय, सांस्कृतिक रूपले स्वीकार्य पोषणयुक्त खाद्यान्न पर्दछ । उपलब्ध खाद्य व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पार्ने हानिकारक तत्वहरु मिसावट भएको, विषादी प्रयोग भएको, म्याद नाघेको, सडेगलेको, विषाक्त पदार्थयुक्त हुनु हुँदैन ।

**(घ) खाद्यको दिगोपना :**

'खाद्यको दिगोपना' ले खाद्यको उपलब्धता, पर्याप्तता र पहुँचको दिगो सुनिश्चिततालाई जनाउँदछ । खाद्यको पर्याप्तता, उपलब्धता र पहुँच केही निश्चित समयका लागि मात्र नभई वर्तमान र भविष्यका सन्ततिहरूका लागि समेत सुनिश्चित भएको खण्डमा मात्र खाद्यको दिगोपना भएको मानिन्छ ।

## ४. खाद्य अधिकार सम्बन्धमा राज्यको दायित्वः

संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ को समितिको साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताको लागि राज्यले मूलतः निम्न ३ किसिमका दायित्वहरू पुरा गर्नुपर्दछ :



**क. सम्मान गर्ने दायित्व :**

राज्यद्वारा व्यक्ति वा समुदायले खाद्य अधिकारको उपभोग गर्दा वा उनीहरूको जीविकोपार्जन वा खाद्य उत्पादनको विद्यमान स्रोतमाथिको पहुंचलाई हस्तक्षेप नगर्नु नैं 'सम्मान गर्ने दायित्व' हो । यसको लागि राज्यले खाद्य अधिकारमैत्री कानुन, नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ । जस्तैः राज्यद्वारा खाद्यान्न उत्पादनका स्रोतहरु – जल, जमिन, जंगल वा अन्य स्रोतमाथिको पहुँच घटाउने वा प्रतिबन्ध लगाउने, कृषि उत्पादन प्रणालीमा हस्तक्षेप गर्ने, व्यक्ति वा समुदायले उपभोग तथा बसोवास गर्दै आएको जमिनबाट पर्याप्त क्षतिपूर्ति, पुनर्वास वा पुनर्स्थापना बिना जबर्जस्ती उठीबास लगाउने वा विस्थापित गर्ने, स्वास्थमा प्रतिकूल असर पर्ने कलकारखानाको स्थापना गर्ने आदि जस्ता कार्यहरू गरेमा वा त्यस्ता किसिमका पश्चगामी कानुन, नीति तथा कार्यक्रमहरूको निर्माण र विस्तार गरेमा सम्मान गर्ने दायित्वको उल्लघंन गरेको मानिन्छ । अतः यस दायित्व अन्तर्गत राज्यद्वारा मनासिव कारण र पर्याप्त क्षतिपूर्ति बिना जीविकोपार्जन वा खाद्यान्न उत्पादनका स्रोतहरूको जफत, अधिग्रहण, नाश वा पहुँचबाट बञ्चित गर्नुहुँदैन । यदि राज्यद्वारा चालिएका त्यस्ता कदमका कारण कुनै व्यक्ति वा समुदाय जीविकोपार्जन वा खाद्यान्न उत्पादनको विद्यमान स्रोतबाट बञ्चित हुन गई खाद्यान्न व्यवस्थापन गर्न असमर्थ हुन गएमा त्यस्ता व्यक्ति वा समुदायलाई पर्याप्त क्षतिपूर्ति, पुनर्वास वा पुनर्स्थापना गरी खाद्य अधिकार सुनिश्चित गर्नु पर्दछ ।

**ख. संरक्षण गर्ने दायित्वः**

राज्यद्वारा व्यक्ति वा समुदायले खाद्य अधिकारको उपभोग गर्ने क्रममा वा उनीहरूको जीविकोपार्जन वा खाद्य उत्पादनको विद्यमान स्रोतमाथिको पहुँचमा कुनै तेस्रो पक्षबाट हुनसक्ने हस्तक्षेपबाट संरक्षण प्रदान गर्नु नैं 'संरक्षण गर्ने दायित्व' हो । अतः संरक्षण गर्ने दायित्व अन्तर्गत राज्यले व्यक्ति वा समुदायको खाद्य अधिकारको उपभोग गर्ने क्रममा वा खाद्य उत्पादनको स्रोतमाथिको पहुँचमा कुनै तेश्रो पक्ष जस्तैः व्यक्ति, समूह, नीजि उद्योग व्यवसाय, राष्ट्रिय वा बहुराष्ट्रिय कम्पनी वा अन्य समूह आदिबाट भएको वा हुन सक्ने हस्तक्षेपबाट संरक्षण प्रदान गर्ने, दोषीलाई कारबाही गर्ने तथा पीडितलाई न्यायको व्यवस्था गर्ने कार्यहरू पर्दछन । जस्तैः जल, जमीन र जङ्गलको उपभोगबाट बञ्चित गराउने, श्रमिकहरूलाई उचित ज्याला नदिने, पानी प्रदुषण गर्ने, पानीको मुहान छेक्ने, खाद्य बस्तुको कृत्रिम अभाव सिर्जना गर्ने, खाद्य बस्तुमा मिसावट तथा कम गुणस्तरको खाद्य बस्तु बिक्री बितरण गर्ने, सीमान्तकृत वा विपन्न जनताको परम्परागत भूमिको उपयोग तथा अभ्यास गर्ने अधिकारबाट बञ्चित गर्ने आदि जस्ता अवस्थाबाट संरक्षण गर्न राज्यले प्रभावकारी नियमन तथा सो सम्बन्धमा आवश्यक कानुनको निर्माण गरी व्यक्तिको खाद्य अधिकार संरक्षण गर्नु पर्दछ । यदी तेस्रो पक्षको हस्तक्षेपबाट कुनै व्यक्ति वा समुदायको खाद्य अधिकार उल्लंघन हुन गएको खण्डमा राज्यले पीडित पक्षलाई उचित क्षतिपूर्ति, पुनर्वास वा पुनर्स्थापना गरी खाद्य अधिकार सुनिश्चित गर्नु राज्यको संरक्षण गर्ने दायित्व हो ।

**ग. परिपूर्ति गर्ने दायित्व :**

राज्यद्वारा व्यक्ति वा समुदायले आफ्नो लागि आवश्यक खाद्यान्न आफैंले व्यवस्था गर्न सक्षम हुनका लागि उनीहरूको आय वा खाद्य उत्पादनको स्रोतमाथि पहुँच बढाउन 'नीतिगत कदम' मार्फत अनुकूल वातावरण निर्माण गर्नु पर्दछ । परिपूर्ति गर्ने दायित्व क्रमिक रूपमा अनुभूति गरिने दायित्व भएता पनि राज्यले उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरी अनुकूल वातावरण निर्माण गर्न तत्काल आवश्यक कदम चाल्नु पर्दछ । खाद्य अधिकारको प्रवर्द्धन गर्ने, पहुँचलाई सहज बनाउने र व्यक्ति वा समुदाय काबु बाहिरको परिस्थितिमा परी खाद्य अधिकार उपभोग गर्न नसकेको अवस्थामा राज्यले आवश्यक स्रोत तथा सेवाहरु उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नु पर्दछ । परिपूर्ति गर्ने दायित्व अन्तर्गत राज्यले दुई प्रकारका नीतिगत प्रावधानहरू कार्यान्वयन गर्नु पर्दछ :

■ **सहजीकरण गर्ने दायित्वः**

यस दायित्व अन्तर्गत राज्यले खाद्य अधिकारको जोखिममा रहेका व्यक्ति तथा समुदायको पहिचान गर्नु पर्दछ । राज्यले त्यस्ता व्यक्ति तथा समुदायलाई आवश्यक खाद्य आफैंले व्यवस्था गर्न 'सक्षम' बनाउनका लागि आवश्यकता अनुरूप 'बिशेष नीति तथा कार्यक्रम' मार्फत खाद्य उत्पादनका स्रोत साधनहरूमाथि निरन्तर पहुँच बढाउन सहजीकरण गर्नु पर्दछ । जसले गर्दा यी व्यक्ति तथा समुदायले दीर्घकालीन रूपमा भोकमरी तथा कुपोषणको अवस्थालाई आफैंले समाधान गर्न सकुन् । उदाहरणको लागि भूमिहीन किसानलाई भूमि, बीउविजन, सिंचाई, प्रविधि, सामाजिक सुरक्षा, किसान सहायता परिचयपत्र वितरण, आयस्रोतमा अनुदान सुनिश्चितता गर्नु आदि ।

■ **उपलब्ध गराउने दायित्वः**

यस दायित्व अन्तर्गत राज्यले खाद्य अधिकारको जोखिममा रहेका त्यस्ता व्यक्ति वा समुदाय जो आफुसँग उपलब्ध स्रोतसाधनको प्रयोग गरी आफूलाई आवश्यक खाद्य आफैं व्यवस्था गर्न असमर्थ भई वा काबुबाहिरको परिस्थितिका कारण (जेष्ठ नागरिक, दीर्घ रोगी, द्वन्द पीडित, प्राकृतिक वा मानव सिर्जित विपत पीडित, टुहुरा बालबालिका, घरबार बिहीन/ बेसहारा आदि) आफ्नो जीविका आफैं धान्न नसक्ने अवस्था भएमा उनीहरूलाई राज्यले सोझै खाद्य वा खाद्य प्राप्तिका अन्य स्रोतहरू[४] उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नु पर्ने हुन्छ । यस दायित्व अन्तर्गत कुनै पनि व्यक्ति भोकमरी र कुपोषणको अवस्थाबाट प्रताडित हुन नपरोस भन्ने कुराको सुनिश्चितता गराउने न्यूनतम दायित्व समेत पर्दछ । उदाहरणको लागि प्रकोपको कारण आपतकालीन अवस्थामा रहेका व्यक्ति वा परिवारलाई अस्थायी रूपमा खाद्यान्न वितरण, खाद्यान्न प्राप्तिका लागि विशेष व्यवस्था जस्तै खाद्य सहायता वितरण, बालबालिकाहरूलाई विद्यालय समयमा निःशुल्क दिवा खाजा र खाना, पोषणयुक्त खाद्यान्नमा सीमित पहुँच भएका समुदायलाई पोषणयुक्त खाद्यान्न खरिद गर्नका लागि आर्थिक सहयोग आदि ।

४. जस्तैः नगदी वा सामाजिक स्थानान्तरण योजनाहरू (Cash or Social Transfer Schemes to purchase food)

**खाद्य अधिकारको अन्य अधिकारसँगको अन्तर्सम्बन्ध**

खाद्य अधिकार अन्य अधिकारहरूको उपभोगको लागि अपरिहार्य अधिकार हो भने खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकारहरूको समेत प्रत्याभूती हुनु आवश्यक छ । यी आधारभूत अधिकारहरूलाई मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धिहरु तथा नेपालको संविधानले समेत मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । जस्तैः खाद्य अधिकार पानीको अधिकारसँग अन्योन्याश्रित हिसाबले जोडिएको हुन्छ किनकी पानी एकातिर हामीले खाने खाद्यकै एक पाटो हो भने अर्कोतिर खाद्यको उत्पादन, खाना पकाउन तथा खाद्यको उपयोगको लागि नभई हुँदैन । सम्पत्तिको अधिकारको उपभोग त्यसमा पनि मुख्यतः भूमिलगायत अन्य उत्पादन मूलक साधन स्रोतमाथिको पहुँच खाद्य उत्पादनको लागि आवश्यक छ । स्वास्थ्यको अधिकार खाद्य अधिकारसँग प्रत्यक्ष सम्बन्धित छ किनकी खाद्यको उचित उपयोग बिना व्यक्तिको स्वास्थ्य वा स्वास्थ्य सेवा प्रभावकारी हुन सक्दैन । शिक्षाको अधिकारले पोषण, स्वास्थ्य र सरसफाई सम्बन्धी ज्ञान र चेतना जागृत गर्न सघाउँछ । रोजगारीको अधिकार, उचित ज्याला र सामाजिक सुरक्षाको अधिकारले व्यक्तिलाई खाद्य आवश्यकता पूर्ति गर्न वा आवश्यक खाद्य खरिद गर्न सक्षम बनाउछ । भोकबाट मुक्त हुन पाउने अधिकार बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष जोडिएका हुन्छ ।




**नेपालको संविधानमा खाद्य सम्बन्धी मौलिक हकसँग सम्बन्धित अन्य मौलिक हकको व्यवस्था**

खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकारको समेत प्रत्याभूती हुनु आवश्यक भएकोले नेपालको संविधानले यी अधिकारहरूलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ, जुन खाद्य अधिकारको उपभोगको लागि पूर्वशर्तको रूपमा रहेको छ :

| खाद्य सम्बन्धी हक तथा सो सँग सम्बन्धित अन्य आधारभूत मौलिक | | |
|---|---|---|
| आवासको हक (धारा ३७), | जेष्ठ नागरिकको हक (धारा ४१), | सूचनाको हक (धारा २७), |
| शिक्षा सम्बन्धी हक (धारा ३१) | सामाजिक सुरक्षाको हक (धारा ४३) | उपभोक्ताको हक (धारा ४४) |
| रोजगारीको हक (धारा ३३) | स्वास्थ्य तथा पानीको हक (धारा ३५), | सम्पत्ती सम्बन्धी हक (धारा |
| श्रमको हक (धारा ३४) | सम्मान पूर्वक बाँच्न पाउने हक (धारा १६) | |

संविधानको धारा ४७ बमोजिम मौलिक हकको कार्यान्वयनका लागि राज्यले संविधान प्रारम्भ भएको मितिले तीन वर्षभित्र आवश्यक कानुनी व्यवस्था गनुपर्ने प्रावधान अनुरूप अन्य आवश्यक कानुन निर्माणको क्रममा रहेका छन ।

# खाद्य सुरक्षा

## १. पृष्ठभूमि:

'खाद्य सुरक्षा' समयक्रमसंगै निरन्तर रूपमा परिमार्जित हुँदै विकसित भईरहेको एक अवधारणा हो । खाद्य सुरक्षा शब्दको विकास संयुक्त राष्ट्रसंघिय विशिष्टिकृत निकायहरूले खाद्य तथा पोषण सुरक्षाको क्षेत्रमा काम गर्ने सन्दर्भमा भएको हो । यस अवधारणाको विकास सन् १९७० को मध्यतिर आएर मात्रै विश्वव्यापी खाद्यान्न संकटका कारण अन्तर्राष्ट्रिय रूपमा देखिएको खाद्यान्न समस्याहरूको सम्बन्धमा छलफल गर्ने क्रममा भएको हो । यस अवधारणाको शुरूवातमा खाद्य सुरक्षालाई अन्तर्राष्ट्रिय स्तरमा खाद्यान्नको उत्पादन र आपूर्तिको रूपमा बुझिन्थ्यो भने १९७० को दशकको अन्त्यसम्म आईपुग्दा यसलाई 'राष्ट्रिय स्तरमा खाद्यान्नको आपूर्ति तथा कृषि उत्पादनमा वृद्धिको रूपमा लिई यसलाई खाद्यान्न आपूर्ति र उत्पादनमुखी नीतिहरूको निर्माणमा केन्द्रित हुनु पर्छ' भन्ने बुझाईको विकास भयो । सन् १९८० को दशकमा उत्पादनमुखी नीति तथा हरित क्रान्तिका कारण विश्व खाद्य उत्पादनमा व्यापक वृद्धि हुन थाल्यो तथापी विश्व जनसंख्याको अधिकांश भाग भोकमरी तथा कुपोषणको शिकारबाट गुज्रिरहेको तथ्यसमेत सँगसँगै उजागर हुन गयो । यसले "के उत्पादनमुखी नीति भोकमरी तथा कुपोषणको समस्यालाई समाधान गर्न सहयोग गऱ्यो त?" भन्ने प्रश्न सबैतिर उठन थाल्यो । सन् १९८१ मा अमार्त्य सेनद्वारा "गरिवी तथा भोकमरी" विषयमा गरेको अध्ययनले भोकमरीको मुख्य कारण खाद्यान्नको कमी नभई उपलब्ध खाद्यान्न माथि व्यक्ति तथा समुदायको पहुँच नभएर हो भन्ने निष्कर्ष देखायो । सो अध्ययन पश्चात खाद्य सुरक्षाको बहसमा 'पहुँच'को आयामले प्रवेश पायो । १९९६ को विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षाको परिभाषामा 'पहुँच' लाई अभिन्न अङ्गको रूपमा स्वीकार गऱ्यो ।

## २. खाद्य सुरक्षा अवधारणा:

विश्व खाद्य शिखर सम्मेलनले १९९६ मा "खाद्य सुरक्षा तब सुनिश्चित हुन्छ जब सबैलाई स्वस्थ र सक्रिय जीवन जिउन आवश्यक पर्ने आहार र खानपानको छनौट अनुसार दिगो रूपमा पर्याप्त, सुरक्षित एवं पोषणयुक्त खाद्यमा भौतिक र आर्थिक पहुँच हुने गर्दछ" भनी परिभाषित गऱ्यो । व्यक्ति तब मात्र खाद्य सुरक्षित अवस्थामा रहेको मान्न सकिन्छ, जब खाद्यान्नको उपलब्धता हुन्छ, उपलब्ध खाद्यान्नमाथि पहुँच हुन्छ, मात्राका हिसाबले पोषणयुक्त, गुणस्तरयुक्त र सांस्कृतिक रूपमा स्वीकारयोग्य हुन्छ र यी ३ वटै अवस्था दिगो हुन्छ । अतः खाद्य सुरक्षा अवधारणाले समाजमा रहेको खाद्यको आवश्यकता तथा उक्त खाद्यमा चाहिने पोषणको सुनिश्चितालाई ईंगित गर्दछ भने यसको लागि लक्ष्यहरूको निर्धारण र प्राप्तिको लागि आवश्यक सार्वजिनक नीति तथा कार्यक्रमहरू कार्यान्वयनको माग गर्दछ । यद्यपि खाद्य सुरक्षाको अवधारणाले खाद्य तथा पोषण सुरक्षा प्राप्तिका लागि आवश्यक नीति तथा कार्यक्रमहरू कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा स्पष्ट मापदण्डहरू स्थापित गरेको देखिंदैन । यसले खाद्य असुरक्षित व्यक्तिलाई आवश्यक पर्ने पर्याप्त खाद्यान्न र उक्त खाद्यान्नमा पोषणको सुनिश्चितता दाबी गर्ने कानुनी आधारका बारेमा पनि स्पष्ट पारेको देखिंदैन । यसमा राज्यको दायित्व तथा उल्लंघन भएको खण्डमा कानुनी उपचार संयन्त्रका बारेमा समेत व्यवस्था गरिएको पाईदैन । त्यसैले यो एक प्राविधिक अवधारणा हो भन्ने मान्यता पनि छ । तथापि खाद्य सुरक्षा खाद्य अधिकारको पूर्ण उपभोगको लागि पूर्व शर्तको रूपमा रहेको छ ।

## ३. खाद्य सुरक्षाका आयामहरु:

खाद्यको उपलब्धता, पहुँच, उपयोग र दिगोपना खाद्य सुरक्षाका ४ आयामहरू हुन् जसलाई खाद्य सुरक्षाका आधारस्तम्भ पनि भन्ने गरिन्छ । यी आयामहरु सुनिश्चित भएको खण्डमा मात्र व्यक्ति खाद्य सुरक्षित भएको मान्न सकिन्छ ।

### क. खाद्यको उपलब्धता:

'खाद्यको उपलब्धता' खाद्य सुरक्षा हुनका लागि चाहिने पहिलो आयम हो । खाद्यको उपलब्धता भन्नाले खाद्य सुरक्षालाई सुनिश्चित गर्नको लागि आन्तरिक उत्पादन, आयात, भण्डारण वा खाद्य सहायताका माध्यमद्वारा पर्याप्त मात्रामा गुणस्तरीय खाद्य पदार्थको भौतिक उपलब्धतालाई जनाउँदछ । यसले उत्पादक र उपभोक्ताबिचको सम्बन्ध स्थापित गर्नको लागि बजार प्रणालीको विद्यमानतालाई समेत जनाउँदछ । कुनै पनि क्षेत्रमा खाद्यको उपलब्धताको निर्धारण खाद्यको उत्पादन, व्यापार, भण्डारण र वितरणको अवस्थालाई ध्यानमा राखी गरिन्छ । लामो समयसम्म उपलब्धतालाई खाद्य सुरक्षाको पर्यायवाचीको रूपमा समेत लिईने गरिन्थ्यो किनकी पर्याप्त रूपमा खाद्यान्न उत्पादनले मात्र खाद्य सुरक्षा हुन सक्दछ भन्ने धारणा रहेको थियो ।

**ख. खाद्यमा पहुँच:**

'खाद्यमा पहुँच' खाद्य सुरक्षा हुनका लागि चाहिने दोश्रो आयाम हो । खाद्यमा पहुँच भन्नाले कुनै परिवारको आफूलाई चाहिने पर्याप्त खाद्यान्न सधैं प्रबन्ध गर्न सक्ने क्षमतालाई जनाउँछ । कुनै पनि परिवारको खाद्यमाथि पहुँचको निर्धारण खाद्यको उत्पादन, सञ्चिति, खरिद, सरसापटी, खाद्य सहायता आदिका माध्यमबाट गरिन्छ । यसका भौतिक र आर्थिक पहुँच गरी दुई पक्ष छन् । भौतिक पहुँचले खाद्य सुरक्षाको लागि व्यक्ति वा घरधुरी जुन ठाउँमा बसोबास छ त्यही ठाउँमा खाद्य उपलब्ध हुने अवस्थालाई जनाउँछ भने आर्थिक पहुँचले खाद्य आवश्यकता पूरा गर्नका लागि भौतिक रूपमा उपलब्ध खाद्य नियमित रूपमा खरिद गर्न सक्ने एउटा परिवारको आर्थिक क्षमतालाई जनाउँदछ । खाद्य वस्तु पर्याप्त मात्रामा उपलब्ध छ तर क्रय शक्ति छैन भने उपलब्ध खाद्यान्नमा पहुँचमा नहुन सक्छ र त्यसलाई खाद्य असुरक्षाको अवस्थाको रूपमा लिईन्छ । विश्वमा उत्पादित खाद्य विद्यमान विश्व जनसंख्याभन्दा पनि बढीलाई खुवाउन पुग्ने अवस्था हुँदाहुँदै पनि उपलब्ध खाद्यमाथि पहुँच नहुँदा उल्लेख्य संख्यामा मानिसहरू खाद्यबाट वञ्चित भई निरन्तर भोकमरी तथा कुपोषणको शिकार हुनु परेको छ । यही अवस्थालाई मध्यनजर गर्दै खाद्य सुरक्षाको परिभाषामा पहुँचको आयामलाई अपरिहार्य रूपमा समावेश गरी न्यायोचित वितरणलाई जोड दिइयो ।

**ग. खाद्यको उपयोग:**

'खाद्यको उपयोग' खाद्य सुरक्षा हुनका लागि चाहिने तेश्रो आयाम हो । खाद्यको उपयोग भन्नाले पर्याप्त खाद्य, सफा पानी, सरसफाई र स्वास्थ्य सेवाको माध्यमबाट उपयुक्त पोषणको स्थिति प्राप्त गर्नका लागि 'खाद्यान्नको उचित प्रयोग गर्ने क्षमता' लाई जनाउँछ । अतः खाद्यको उपयोगले पोषण पक्षलाई मात्र जनाउने नभई खाद्य सुरक्षाको लागि गैह्र खाद्य पक्षको महत्व समेतलाई देखाउँछ । यस अन्तर्गत खाद्य वस्तुको छनौट, संकलन, भण्डारण, संरक्षण, प्रशोधन, तयारी, पोषण सम्बन्धी ज्ञान तथा आनिबानि आदि जस्ता कुराहरू पनि पर्दछन । पर्याप्त खाद्यान्नको उपलब्धता तथा पहुँच भएको ठाउँको व्यक्ति तथा समुदाय समेत खाद्य बस्तुको सहि उपयोग नगरेका कारण कुपोषणको जोखिममा हुन सक्दछ । तसर्थ खाद्य सुरक्षा हुनको लागि खाद्यको उपलब्धता र पहुँच मात्र भएर नभई उपलब्ध खाद्यान्नको उचित उपयोग समेत हुनुपर्दछ ।

**घ. खाद्यको दिगोपना:**

'खाद्यको स्थायित्व' खाद्य सुरक्षा हुनका लागि चाहिने चौथो आयाम हो । खाद्यको दिगोपनाले खाद्य सुरक्षाको लागि खाद्यको उपलब्धता, पहुँच तथा उपयोग यी ३ वटै आयामहरू एकैनासले निरन्तर हुनुपर्दछ भन्ने बुझिन्छ । अर्थात यी ३ वटै आयामहरूको सुनिश्चितता केवल एक क्षण वा एक दिन वा एउटा मौसमको लागि मात्र नभई दिगो रूपमा स्थायी तवरले सुनिश्चित भएमा मात्र खाद्य सुरक्षा भएको मानिन्छ । खाद्य सुरक्षाको दिगोपन आयामको आधारमा नै खाद्य असुरक्षालाई दीर्घकालीन तथा अस्थायी खाद्य असुरक्षा भनी वर्गीकरण गरिन्छ । उपयुक्त पोषणको स्थिति प्राप्त गर्न 'खाद्यान्नको उचित प्रयोग गर्ने क्षमता'



# खाद्य सम्प्रभुता

## १. पृष्ठभूमि :

खाद्य सम्प्रभुता अवधारणाको विकास 'ला भिया क्याम्पेसिनाद्वारा'[1] सन् १९९६ मा गरिएको थियो । क्याम्पेसीनाद्वारा सन् २००७ मा ८० भन्दा बढी देशका ५०० प्रतिनिधिहरूको सहभागितामा मालीको नाईलेनी गाउँमा आयोजना गरिएको "फोरम फर फुड सोभरन्टी" नामक अन्तर्राष्ट्रिय सम्मेलनले खाद्य सम्प्रभुताका सम्बन्धमा "नायलेनी घोषणा पत्र" जारी गरेको थियो । उक्त घोषणा पत्रले खाद्य सम्प्रभुतालाई परिभाषित गर्नुका साथै खाद्य सम्प्रभुता हुनका लागि आवश्यक आधारभूत स्तम्भहरूको बारेमा समेत व्यवस्था गरेको छ ।

## २. अवधारणा :

'खाद्य सम्प्रभुता' नवउदारवादमा आधारित विश्व बजार नीतिको प्रतिक्रिया स्वरूप वैकल्पिक रूपमा अस्तित्वमा आएको अवधारणा हो । नायलेनी घोषणापत्र, २००७ अनुसार "खाद्य सम्प्रभुता जनताहरूले पर्यावरणीय रूपले राम्रो तथा दिगो विधिबाट उत्पादित स्वस्थ तथा सांस्कृतिक रूपले उपयुक्त खाद्य प्राप्त गर्ने एवं आफ्नो खाद्य र कृषि प्रणालीलाई परिभाषा गर्न पाउने अधिकार हो" । खाद्य सम्प्रभुता एक राजनैतिक एवं आर्थिक अवधारणा हो, जसलाई खाद्य, खाद्य प्रणाली (उत्पादन, वितरण र उपभोग) तथा सोसँग सम्बन्धित नीतिको सम्बन्धमा राष्ट्र र किसान स्वयंले परिभाषा, निर्णय र कार्यान्वयन गर्न पाउने अधिकारको रूपमा लिईन्छ । यसले खाद्यान्न उत्पादनकर्ता तथा किसानलाई खाद्य प्रणाली एवं नीतिको केन्द्रमा राख्दछ । यसले 'खाद्य प्रणालीमा' स्थानीयको लोकतान्त्रिक नियन्त्रण' हुनुपर्ने कुरालाई जोड दिन्छ । यसले कृषि तथा खाद्य प्रणालीमा बहुराष्ट्रिय कम्पनीहरूको भन्दा पनि निर्वाहमूखि उत्पादनकर्ता र कृषकको अधिकारको वकालत गर्छ । साथै वातावरणीय तथा आर्थिक दिगोपना सुनिश्चित गर्दै स्थानीय खाद्य उत्पादनकर्ता, वितरक तथा उपभोक्ताको शसक्तीकरण गर्ने कुरामा जोड दिन्छ । यसले खाद्य अधिकार तथा सोको लागि आवश्यक पर्ने स्वच्छ, स्वस्थ, वातावरणीय रूपमा दिगो खाद्यान्न उत्पादन र प्राप्तिको अधिकारलाई महत्व दिन्छ । यो एक राजनैतिक एवं आर्थिक अवधारणा हो । खाद्य अधिकार सम्बन्धी विशेष समाधिक्षक अलिभर डी सटरले खाद्य सम्प्रभुता खाद्य अधिकारको पूर्ण प्राप्तिका लागि एक आवश्यक शर्त रहेको बताएका छन् । खाद्य सम्प्रभुतालाई कृषि, व्यापारिक नीति तथा अभ्यासहरूको लागि सुझाईएको एक वैकल्पिक अवधारणाको रूपमा समेत लिईने गरिन्छ ।

## ३. खाद्य सम्प्रभुताका स्तम्भहरु:

नाईलेनी घोषणापत्र, २००७ ले खाद्य सम्प्रभुता हुनका लागि निम्न ६ वटा स्तम्भहरूको निर्धारण गरेको छ :

### क. "खाद्य" मानवको लागि पहिलो प्राथमिकता :

खाद्य सम्प्रभुताले हरेक व्यक्ति तथा समुदायको पर्याप्त, स्वस्थकर तथा सांस्कृतिक रूपले उपयुक्त खाद्यमाथिको पहुँचको अधिकारलाई खाद्य, कृषि, पशु तथा मत्स्य सम्बन्धी नीतिको केन्द्रविन्दुमा राख्दछ । यसले खाद्यलाई अन्तर्राष्ट्रिय कृषि व्यापारको बस्तुको रूपमा मात्र नहेरी एक आधारभूत मानव अधिकारको रूपमा हेर्दछ । खाद्यवस्तुको व्यापारले साना किसानको आर्थिक अवस्थालाई नकारात्मक असर पुऱ्याउनु हुँदैन भन्नेमा जोड दिन्छ । अन्तर्राष्ट्रिय कृषि व्यापारको बस्तुको रूपमा मात्र नहेरी एक आधारभूत मानव अधिकारको रूपमा हेर्दछ । खाद्यवस्तुको व्यापारले साना किसानको आर्थिक अवस्थालाई नकारात्मक असर पुऱ्याउनु हुँदैन भन्नेमा जोड दिन्छ ।

---

१. ला भिया क्याम्पेसिना युरोप, अमेरिका, एशिया र अफ्रिकाका किसान सम्बद्ध संगठनहरूद्वारा नवउदारवादमा आधारित विश्व बजार नीतिले खाद्य तथा कृषि प्रणालीमा पारेको नकरात्मक असर विरूद्ध अभियान चलाउने उद्देश्यले सन् १९९३ मा स्थापना गरिएको किसानहरूको अन्तर्राष्ट्रिय संगठन हो । क्याम्पेसिनाले सन् १९९६ मा ईटलीको रोममा भएको विश्व खाद्य सम्मेलनमा पहिलो पटक खाद्य सम्प्रभुताको अवधारणालाई अन्तर्राष्ट्रिय मञ्चमा छलफलको विषयको रूपमा प्रवेश गराएको थियो ।

**ख. खाद्य उत्पादनकर्तालाई विशेष महत्व :**

खाद्य सम्प्रभुताले महिला, पुरूष, वास्तविक तथा साना किसान, चरिचरक, मछुवार, वनमा आश्रित समुदाय, आदिवासी जनजाती, कृषि तथा आप्रवासी कामदार आदि जस्ता खाद्य उत्पादनकर्ताको श्रमको सम्मान गरी दिगो जीविकोपार्जनका लागि विशेष महत्व दिन्छ । यसले यी खाद्य उत्पादनकर्ताको जीविकोपार्जनलाई नकारात्मक प्रभाव पार्ने नीति, कार्य तथा कार्यक्रमलाई अस्वीकार गर्दछ ।

**ग. खाद्य प्रणालीको स्थानीयकरणः**

खाद्य सम्प्रभुताले स्थानीय बजार मार्फत खाद्य उत्पादनकर्ता र उपभोक्ताबिच निकटम सम्बन्ध स्थापित गरी उनीहरूलाई खाद्य सम्बन्धी सवालहरूको सुंयक्त निर्णय प्रक्रियालाई केन्द्रमा राख्दछ । यसले स्थानीय उत्पादनलाई असर पार्ने गरी खाद्य सहयोगको नाममा खाद्यान्न थान्को लगाउने (Food Dumping) कार्यको विरोध गर्दछ भने खाद्य सह योग जस्ता कार्य मार्फत स्थानीय खाद्य उत्पादनकर्तालाई पर्ने असरबाट संरक्षण गर्दछ । साथै गुणस्तरहीन खाद्य र आनुवांशिक अभियान्त्रित (Genetically Modified Organisms) उत्पादनलाई निषेध गर्दछ । राज्यले अनुत्तरदायी व्यापारिक संस्थाहरूमाथिको निर्भरतालाई प्रवर्द्धन गर्ने किसिमका राज्यका संरचना, सन्धि सम्झौता एवं दीर्घकालीन तथा न्याय संगत नहुने नीति, नियम वा अभ्यासहरूलाई समेतलाई अस्वीकार गर्दछ ।

## खाद्य सम्प्रभुताका खम्बाहरू



**घ. उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग तथा नियन्त्रणको अधिकार :**
खाद्य सम्प्रभुताले भूमि, बीउबिजन, पानी, चरिचरन, पशु, मत्स्यक्षेत्र आदि जस्ता उत्पादनको स्रोतमाथिको उपभोग, नियन्त्रण तथा संरक्षणको अधिकार स्थानीय उत्पादनकर्तामा हुनु पर्दछ भन्ने मान्यता राख्दछ । यसले कानुन, व्यापारिक करार तथा बौद्धिक सम्पत्तिको माध्यमबाट प्राकृतिक स्रोतहरूको नीजिकरणलाई अस्वीकार गर्दछ ।

**ङ. स्थानीय परम्परागत ज्ञान, शिप र प्रविधिको प्रवर्द्धन र संरक्षण :**
खाद्य सम्प्रभुताले खाद्य उत्पादनकर्ता र उनीहरूको संगठनमा भएको स्थानीय परम्परागत ज्ञान, शिप र प्रविधिलाई खाद्य प्रणालीको केन्द्रमा राख्दछ र स्थानीय खाद्य प्रणालीलाई कमजोर गर्ने खालका प्रविधिहरूलाई अस्वीकार गर्दछ । यसले स्थानीय खाद्य प्रणालीको संरक्षण, विकास, व्यवस्थापन तथा स्थानीयकरण गर्ने खालका ज्ञान, शिप प्रविधिलाई प्रर्वधन गरी भावि पुस्तालाई हस्तान्तरण गर्नको लागि उपयुक्त अनुसन्धानमा जोड दिन्छ ।

**च. प्रकृतिसँगै काम गर्ने :**
खाद्य सम्प्रभुताले कृषि पर्यावरणमा क्षति नपुग्ने गरी जैविक विविधतामैत्री कृषि प्रणालीमा जोड दिन्छ । यसले पर्यावरणलाई अधिकतम प्रवर्धन गर्ने खालका कृषि प्रविधिहरूलाई प्राथमिकता दिन्छ भने पर्यावरण प्रणालीमा हानि पुऱ्याउने प्रविधिहरूलाई अस्वीकार गर्दछ ।

**खाद्य संप्रभुताको अभ्यास :**
पछिल्लो समयमा आएर खाद्य सम्प्रभुताको अवधारणालाई राष्ट्रिय स्तरमा अभ्यास गर्ने प्रचलन बढदै गई रहेको पाईन्छ । कतिपय देशहरूले आफ्नो देशको संविधान, कानुन, नीति तथा कार्यक्रमहरूमा समावेस गरी खाद्य सम्प्रभुतालाई एक 'राजनैतिक ढाँचा' को रूपमा अंगिकार गरेको पाईन्छ । इक्वेडर पहिलो राष्ट्र हो जसले खाद्य सम्प्रभुतालाई सन् २००८ मा संवैधानिक मान्यता दिएको थियो भने उक्त अधिकारको कार्यान्वयनको लागि छुट्टै ऐन (Organic Law on Food Sovereignty, 2009) समेत जारी गरेको छ । इक्वेडरलाई पच्छयाउँदै अन्य देशहरू सेनेगल, माली, बोलिभिया, भेनेजुयला (खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अर्गानिक कानुन), ईजिप्ट र पछिल्लो समयमा नेपालले सन् २०१५ मा खाद्य सम्प्रभुतालाई संवैधानिक मान्यता दिएको छ भने खाद्य सम्प्रभुताको अधिकार कार्यान्वयनको लागि छट्टै 'खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ समेत जारी गरेको छ । स्वीटजरल्याण्डमा नागरिक समाजले खाद्य सम्प्रभुतालाई संवैधानिक मान्यता दिनको लागि पहल गरिरहेका छन्, जुन युरोप महादेशमै पहिलो देशको रूपमा रहेको छ ।

यसरी खाद्य सम्प्रभुतालाई केही राष्ट्रहरूले संवैधानिक तथा कानुनी रूपमा स्वीकार गरिएको अधिकारको रूपमा मान्यता दिईसकेको भएतापनि हालसम्म पनि अन्तर्राष्ट्रिय स्तरमा यस सम्बन्धमा सहमति भने जुट्न सकेको पाईदैन ।

# संवैधानिक एवं कानुनी प्रावधान

**१. नेपालको संविधान, २०७२ :**

संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हक अन्तर्गत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य संप्रभुतालाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ :

- **खाद्य सम्बन्धी हक : धारा ३६**
  १. प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।
  २. प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।
  ३. प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य संप्रभुताको हक हुनेछ ।

**२. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ :**

यो ऐन खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य संप्रभुता तीन वटै पक्ष समेटी निर्माण भएको छ ।

- **परिभाषा : दफा २**
  ✓ **खाद्य सुरक्षा** भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनु पर्छ ।
  ✓ **खाद्य सम्प्रभुता** भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकार सम्झनु पर्छ:

- **खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,**
  (२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने,
  (३) कृषि योग्य भूमि, श्रम, बीउ विजन, प्रविधि, औजारको छनौट गर्ने,
  (४)कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने ।

- **खाद्य सम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति : दफा ३**
  प्रत्येक नागरिकलाई देहायको खाद्य सम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुनेछ:
  (क) विना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने,
  (ख) भोकबाट मुक्त हुने,
  (ग) खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,
  (घ) भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दीगो पहुँच र पोषण सहायता प्राप्त गर्ने,
  (ङ) सांस्कृतिक रूपमा स्वीकार्य खाद्य उपयोग गर्ने ।

- **खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति : दफा १२**
  प्रत्येक किसानलाई देहायको खाद्य सम्प्रभुताको अधिकार हुनेछ :
  (क) प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,
  (ख) खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागी हुने,
  (ग) कृषि कार्यका लागि आवश्यक पर्ने साधन र स्रोतमा पहुँच हुने,
  (घ) स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने,
  (ङ) परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने,
  (च) कृषि पेशाबाट स्वेच्छाचारी रूपले वञ्चित गर्ने कार्य विरूद्ध संरक्षण प्राप्त गर्ने ।

# खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाबिचको अन्तर्सम्बन्ध :

खाद्य अधिकार, खाद्य सुरक्षा, तथा खाद्य सम्प्रभुता सम्बन्धी अवधारणाहरू अलग-अलग प्रकृति र विशेषताका भएता पनि यिनीहरू अन्तर्सम्बन्धित समेत छन् ।

- संयुक्त राष्ट संघीय खाद्य अधिकार सम्बन्धी विशेष समाधिक्षकहरूद्वारा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताबिचको अन्तरसम्बन्ध र महत्वको बारेमा निम्न सुझाव दिएका छन् :

  **क. जिन जिग्लर:**[1] "खाद्य अधिकारले राज्यलाई सम्मान, संरक्षण तथा परिपूर्ति गनुपर्ने तीनै प्रकारको दायित्व सिर्जना गरी सबैको लागि खाद्य सुरक्षा सुनिश्चित गर्न हरसम्भव उपायहरूको खोजी तथा अवलम्वन गर्न उत्तरदायी बनाउँदछ भने खाद्य सम्प्रभुताका लक्ष्य हासिल गर्नका लागि बलियो कानुनी आधार समेत प्रदान गर्दछ । त्यस्तै विश्व व्यापार प्रणालीका नकारात्मक प्रभावको परिणाम स्वरूप गरिब तथा सीमान्तकृत समुदायको खाद्य सुरक्षा जोखिममा पर्दै गई रहेको अवस्थामा त्यसलाई सम्बोधन गर्न खाद्य सम्प्रभुता एउटा विकल्प हुन सक्दछ । साथै खाद्य अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिको उद्देश्य हासिल गर्नको लागि खाद्य सम्प्रभुतालाई कृषि तथा कृषि व्यापारका वैकल्पिक मोडलको रूपमा अंगिकार गर्नुपर्ने"।

  **ख. ओलिभर डि सटर:**[2] खाद्य सम्प्रभुता खाद्य अधिकारको पूर्ण प्राप्तिको लागि एक शर्तको रूपमा रहेको ।

  - नेपालको संविधानको धारा ३६ ले खाद्य सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई खाद्य अधकिार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको हक हुनेछ भनी खाद्यका तीनवटै अवधारणालाई समावेश गरेको छ ।
  - खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी तीन वटै अवधारणाहरूलाई समेटी निर्माण भएको छ ।
  - शुन्य भोकमरी चुनौति, राष्ट्रिय कार्य योजना २०१६-२०२५ ले खाद्य अधिकारलाई खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बोधनका लागि एक औजारको रूपमा लिएको छ ।
  - संविधानको धारा ३६, तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को भावना अनुरूप विद्यमान ३२ वटा कानुन संसोधन प्रक्रियामा रहेको छ ।

यस प्रकार खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अलग-अलग अवधारणा भएतापनि अन्तर्राष्ट्रिय अभ्यास तथा नेपालको कानुनी र नीतिगत प्रावधानलाई विश्लेषण गर्दा यी अवधारणाहरूलाई परस्पर विरोधी भन्दा पनि एक अर्काको पुरकको रूपमा अङ्गिकार गरिएको पाईन्छ । खाद्य सुरक्षाले खाद्य तथा पोषण सुरक्षा प्राप्त गर्नको लागि लक्ष्य निर्धारण गर्न, खाद्य अधिकारले उक्त लक्ष्य प्राप्तिका लागि कानुनी मापदण्डहरू निर्धारण गर्न तथा खाद्य सम्प्रभुताले कानुनी मापदण्ड बमोजिम खाद्य तथा पोषण सुरक्षालाई व्यवहारिक रूपमा हासिल गर्नका लागि आवश्यक राजनैतिक तथा आर्थिक नीति र कार्यक्रमलाई कार्यान्वयन गर्ने सम्बन्धमा स्पष्ट मापदण्डहरू निर्धारण गर्न सहयोग गर्दछ । खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाहरूको अन्तिम लक्ष्य भोकमरी तथा कुपोषणबाट मानव समुदायलाई मुक्त गर्नु रहेकोले नेपालको सन्दर्भमा समेत यी अवधारणाहरू एक अर्काको पुरकको रूपमा लिनुपर्ने देखिन्छ ।

---

१ ९ फेब्रुअरी २००४ मा संयूक्त राष्ट्रसंघको मानव अधिकार आयोगमा प्रस्तुत गरेको प्रतिवेदनमा
२ २४ जनवरी २०१४ मा आफ्नो प्रतिवेदनमा

## खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाबिचको आधारभूत भिन्नता

| खाद्य अधिकार | खाद्य सुरक्षा | खाद्य सम्प्रभुता |
|---|---|---|
| • प्रत्येक व्यक्तिले सम्मानपूर्वक स्वस्थ र सक्रिय जीवन जिउनको लागि दिगो रूपमा पोषणयुक्त, सुरक्षित र सांस्कृतिजन्य पर्याप्त खाना खान पाउने अधिकार<br>• कानुनी अवधारणा<br>• मानव अधिकार<br>• अधिकारमुखि पद्दतिमा आधारित<br>• लक्ष्य प्राप्तिका लागि कानूनी मापदण्ड स्थापित<br>• व्यक्तिगत तथा सामुहिक हक, अधिकार तथा दावीको व्यवस्था<br>• राज्यको दायित्व सिर्जना र कानुनी उपचारको व्यवस्था<br>• जोखिममा रहेका व्यक्ति तथा समुदायको खाद्य अधिकार सुनिश्चितताको वकालतमा जोड<br>• राष्ट्रहरूलाई सीमा भन्दा बाहिरी देशमा बसोबास गर्ने व्यक्ति तथा समूदायको खाद्य अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिको लागि 'अन्तरदेशीय दायित्व' (Extrateritorial Obligations of the State - ETO) सिर्जना<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खाद्य अधिकार | • स्वस्थ र सक्रिय जीवनयापन गर्न आवश्यक पर्ने पोषणयुक्त खाद्यमा प्रत्येक व्यक्तिको आर्थिक तथा भौतिक पहुँचको अवस्था ।<br>• प्राविधिक अवधारणा<br>• नीति तथा कार्यक्रम<br>• आवश्यकतामुखी पद्दतिमा आधारित<br>• लक्ष्य निर्धारण गर्ने तर सो प्राप्तिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्पष्ट मापदण्डको अभाव<br>• कानूनी हक, अधिकार र दावीको अभाव<br>• राज्यको दायित्व तथा कानूनी उपचार सम्बन्धमा मौन<br>• उत्पादन बृद्धीमा जोड<br>• नवउदारबादमा आधारित विश्व व्यापार नीति र खाद्य तथा कृषी प्रणालिको अंगिकार तथा प्रर्वद्धन<br>• जोखिमयुक्त व्यक्ति तथा समुदायको पहिचान | • किसानले खाद्य तथा कृषि प्रणालीसँग सम्बन्धित नीतिको सम्बन्धमा स्वयमंले परिभाषा, निर्णय र कार्यान्वयन गर्न पाउने अधिकार ।<br>• राजनैतिक तथा आर्थिक अवधारणा<br>• कृषि तथा प्राकृतिक स्रोतसाधनमा आश्रितको उपभोग, नियन्त्रण तथा संरक्षणमा स्थानिय उत्पादनकर्ताको स्वःनिर्णयको अधिकार<br>• प्रक्रियामुखी पद्दतिमा आधारित<br>• कानुनी मापदण्ड बमोजिम आवश्यक नीति र कार्यक्रम कार्यान्वयन गर्न स्पष्ट मापदण्ड निर्धारण<br>• खाद्यान्न उत्पादनकर्ता र किसानलाई खाद्यप्रणाली एवं नीति केन्द्रित<br>• स्थानिय ज्ञान र शिपको संरक्षण र प्रर्वद्धन<br>• खाद्य तथा कृषि प्रणालीमाथि नियन्त्रणको अधिकार खाद्य उत्पादनकर्ता र कृषकहरुमा हुनुपर्नेमा जोड<br>• नवउदारबादमा आधारित विश्व व्यापार नीति र खाद्य तथा कृषी प्रणालिको प्रतिरोध<br>• स्थानीय खाद्य उत्पादनकर्ता, वितरक तथा उपभोक्तालाई शसक्तिकृत गर्दै स्थानीय उत्पादन, भण्डारण, वितरण र बजार व्यवस्थापन प्रर्वद्धन |

# निश्कर्ष र सुझाव :

■ **सरोकारवालालाई खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाबारे जानकारी :**
स्थानीय, प्रान्तीय तथा केन्द्रीय तहका सरकारी निकाय, नीति निर्माता, नागरिक समाज, राजनैतिक दल, नीजी क्षेत्र तथा खाद्य अधिकार बाहक लगायतका सरोकारवालालाई खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको सम्बन्धमा अवधारणागत जानकारी हुनु आवश्यक छ । कानुन, नीति, योजना तथा कार्यक्रमहरू यी तीनवटै अवधारणा बमोजिम नैं निर्माण तथा संशोधन गर्न, नागरिक समाजलाई वकालत तथा पैरवी गर्न तथा अधिकार बाहकलाई खाद्य अधिकार दाबी गर्न सहजीकरणका लागि अवधारणागत जानकारी हुनु आवश्यक छ ।

■ **खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणा अनरुप कानुन निर्माण तथा संशोधन :**
खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ३ ले हरेक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार र दफा १२ ले हरेक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुने व्यवस्था गरेको छ । यी अधिकारहरूको कार्यान्वयनको लागि स्थानीय, प्रान्तीय र संघीय तहका सरकारहरूलाई सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्वहरू सिर्जना गरेको छ । यस सम्बन्धमा ऐनको परिच्छेद ४ ले राष्ट्रिय खाद्य योजनाको निर्माण गरी खाद्य अधिकारको कार्यान्वयन गर्नुपर्ने बाध्यत्मक व्यवस्था छ । अतः तीनवटै तहका सरकारद्वारा खाद्य सम्बन्धी हकको कार्यान्वयनका गर्ने सम्बन्धमा विभिन्न विषय वा क्षेत्रसँग सम्बन्धित कानुन, नीति, योजना र कार्यक्रमहरू तर्जुमा वा संशोधन गर्दा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता अवधारणा अनुरूप नैं गरिनु पर्ने हुन्छ ।

## सन्दर्भ सामाग्री


- नेपालको संविधान, २०७२
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५
- नेपाल सरकार, कृषि तथा सहकारी मंत्रालय, २०१६, जिल्ला स्तरिय खाद्य सुरक्षा अनुगमन स्रोत पुस्तिका, सिंहदरबार, काठमाण्डौं, नेपाल
- मानव अधिकार उच्चायुक्त कार्यालय र संयुक्त राष्ट्र संघ खाद्य तथा कृषी संगठन, २०१०: पर्याप्त खाद्य अधिकार, तथ्यगत विबरण नं ३४, रोम
- फियान नेपाल, २०१५: खाद्य अधिकार अवधारणा सबलिकरण तथा वकालत तालिम निर्देशिका, काठमाण्डौं, नेपाल
- फियान नेपाल, २०१०, खाद्य अधिकार स्रोत पुस्तिका, काठमाण्डौ, नेपाल
- Ministry of Agriculture Development, 2016, NEPAL ZERO HUNGER CHALLENGE National Action Plan 2016-2025, Singha Durbar, Kathmandu, Nepal
- Nepal Nutrition and Food Security Portal, (http://www.nnfsp.gov.np)
- NHRC & FAO: Monitoring Framework for Implementation of Human Right to Adequate Food in Nepal, Kathmandu, Nepal.
- FAO, 2009: Guide on Legislating the Right to Food, Rome
- FAO, 2007, A Primer to the Right to Adequate Food: The Concept of the Right to Adequate Food, Rome
- FIAN International, 2007, D53, Documenting Violations of the Right to Adequate Food, Heidelberg, Germany
- Jennie Jonsen: Developing Indicators for the Right to Food, Lesson Learned from the Case work of FIAN International, FIAN International
- The Instutitute for Poverty, Land and Agrarian Reform, Faculty of Economic Management Science, University of Western Cape, 2018: Claiming the Right to Food: A Guide for Civil Society Organiztions, South Africa.
- Amartya Sen, 1981, Poverty and Famine: An Essay on Entitlement and Deprivation, CLARENDON PRESS OXFORD
- Olivier Rubin, 2009, The Entitlement Approach – a case for framework development rather than demolition, The Journal of Development Studies, Taylor.
- STEPHEN DEVEREUX, 2001, Sen's Entitlement Approach: Critiques and Counter-critiques, Oxford Development Studies, Vol. 29, No. 3.
- George-Andre Simon, 2012, Food Security: Defintion, Four Dimension, Histroy, University of Roma Tre, Faculty of Economics, Master in Human Development and Food Security
- Declaration of Nyeleni, 2007
- Michale Windfuhr and Jennie Johsen, 2005: Food Sovereignty Towards democracy in localized food system, FIAN International & ITDG
- European Coordiation via Campesina: Food Sovereignty Now! A Guided to Food Sovereignty
- Annette Aurélie Desmarais and Paul Nicholson La Via Campesina, 2013, An Historical and Political Analysis, FAO, Rome.
- Maria Elena Martinez-Torres and Peter M. Rosset, 2010, La Via Campesina: The Evolution of a Transnational Movement, La Via Campesina's Open Book: Celebrating 20 Years of Struggle and Hope
- Gustavo Gordillo & Obed Mendez Jeronimo, 2013, Food Security and Food Sovereignty, (Base Document for Discussion), FAO, Rome
- Megan Carney, 2012, "Food security" and "food sovereignty": What frameworks are best suited for social equity in food systems?, Department of Anthropology, University of California, Santa Barbara, CA 93106 USA
- Emmanuel Tambi, Adebayo Aromolaran, Gbadebo Odularu, Bola Oyeleye, 2014, Food Sovereignty and Food Security: Where does Africa Stand?, Forum for Agricultural Research in Africa (FARA), Forum pour la recherche agricole en Afrique, 12 Anmeda Street, Roman Ridge, PMB CT 173, Accra, Ghana
- Marc J. Cohen, 2003, THE RIGHT TO ADEQUATE FOOD AND FOOD SECURITY, Special Assistant to the Director General, International Food Policy Research Institute, 2003 K Street, N.W., Washington, DC 20006 USA
- See, www.changeforchildren.org: Food Security Vs Food Soverengnty, Whats the Differences?
- See, www.hungerexplained.org: Hunger Explained?: Food Security–Definitions & Drivers

फियान नेपाल खाद्य अधिकारको प्रत्याभूति र सुनिश्चितताको लागि पैरवी तथा वकालत गर्ने उद्देश्यका साथ स्थापित मानव अधिकारवादी संस्था हो । फियान नेपाल वि.सं. २०६५ सालमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भई वि.सं. २०६६ सालदेखि फियान अन्तर्राष्ट्रिय, जर्मनीको नेपाल शाखाको रूपमा समेत मान्यता प्राप्त गरेको छ । फियान नेपालका कृयाकलापहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी प्रावधानमा आधारित छन् । नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजद्वारा खाद्य अधिकारको सन्दर्भमा सर्जित राज्यका दायित्वहरू नेपालको नीति, कानुन, योजना तथा कार्यक्रममा आत्मसात् गर्ने गराउने, भोकमरी विरूद्धको अभियान संचालन गर्ने, खाद्य अधिकार सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पैरवी तथा वकालत गर्ने यसका प्रमुख कृयाकलापहरू हुन् । यसले सरकारी निकायहरू, गैर सरकारी संस्थाहरू र नीजि क्षेत्रहरूसँग समेत सहकार्य गरी जोखिममा परेका समुदायहरूको खाद्य अधिकार सुनिश्चितताका लागि सहजीकरणको कार्य समेत गर्दछ ।


बाँच्न पाउने अधिकारको आधारः खाद्य अधिकार

**FIAN NEPAL** **फियान नेपाल**

केन्द्रीय कार्यालयः घर नं. ३२, बिजुलीबजार, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल,
पो.ब.नं. ११३६३, फोन नं. ०१-४७८१६५४, ४७८३९६५ फ्यायाक्स : ०१-४७८२२२३,
ईमेलः info@fiannepal.org www.finnepal.org

**सम्पर्क कार्यालय**

नेपालगञ्ज : ०८१-४१५१६७, ४१५२९७
बझाङ : ९८४८४३६१४१
बाजुरा : ९८४८५१३१३४
मकवानपुर : ९८४५२७०३०१
चितवन : ९८४५४४४४६८
धादिङ : ९८५११९९२८५